# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, असोज १७ गते २०४० साल

श्री ५ को सरकार

### श्रम तथा सामाजिक कल्याण मन्त्रालयको

### सूचना

श्री ५ को सरकारले मिति २०४०।१।१४ मा वैदेशिक रोजगारीलाई सुव्यवस्थित तथा प्रभावकारी ढङ्गबाट परिचालन गरी श्रमिकहरूको हित तथा शोषणबाट संरक्षण गर्ने उद्देश्यले यस सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरेको हुँदा यो सूचना प्रकाशित गरिएको छ।

१. देहाय बमोजिमको रोजगार सल्लाहकार समिति गठन गरिएको छः

(क) श्री सचिव, श्रम तथा सामाजिक कल्याण मन्त्रालय– अध्यक्ष

(ख) श्री सह-सचिव, कानून तथा न्याय मन्त्रालय– सदस्य

(ग) श्री सह-सचिव, परराष्ट्र मन्त्रालय– सदस्य

(घ) श्री सह-सचिव, गृह मन्त्रालय– सदस्य

(ङ) श्री निर्देशक, श्रम विभाग– सदस्य-सचिव

२. देहायको विषयमा श्री ५ को सरकारलाई सुझाव दिनु समितिको काम कर्तव्य हुनेछः



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) वैदेशिक रोजगार सञ्चालन सम्बन्धी नीति निर्धारण गर्ने सम्बन्धमा,

(ख) नेपाली श्रमशक्ति आपूर्ति गर्न चाहने मुलुकको सरकार, कम्पनी वा अन्य सम्बन्धित इकाईसँग नेपाली श्रमशक्तिको आपूर्ति सेवा शर्त र सुरक्षा सम्बन्धी सम्झौता गर्ने सम्बन्धमा,

(ग) आवेदक सरकार वा कम्पनी र काम गर्न जान चाहने नेपाली श्रमिकसँगबाट श्री ५ को सरकारलाई प्राप्त हुने सेवा शुल्क, दरखास्त दस्तूर र पूर्व तयारी खर्चको निर्धारण सम्बन्धमा,

(घ) वैदेशिक रोजगार सञ्चालनका लागि कुनै व्यक्ति, संघ संस्था वा निकायलाई स्वीकृति दिने विषयमा, र

(ङ) श्री ५ को सरकारले परामर्श लिन चाहेका अन्य विषयमा ।

३. श्री ५ को सरकारले आवश्यकता हेरी कुनै एक व्यक्ति वा निकाय वा एकभन्दा बढी व्यक्ति वा निकायलाई वैदेशिक रोजगारी कार्य सञ्चालन गर्न स्वीकृति दिन सक्नेछ ।

४. श्री ५ को सरकारको पूर्व स्वीकृति नलिई कुनै पनि व्यक्ति वा निकायले नेपाली कामदारलाई रोजगारी गर्न विदेशमा पठाउन हुँदैन । यस्तो स्वीकृति लिन चाहने व्यक्ति वा निकायले तोकेको ढाँचामा नाम ठेगाना, उपलब्ध साधन, कार्य सञ्चालन योजना आदिको विवरण सहित यस मन्त्रालयमा निवेदन दिनु पर्नेछ ।

५. सबै वर्गीय संगठनहरूले यस व्यवस्था अन्तर्गत रही वैदेशिक रोजगार सेवा सञ्चालय गर्न रीतपूर्वक निवेदन गरेमा स्वीकृति दिइनेछ ।

६. कुनै नेपाली कामदार आफूखुसी राहदानी लिई वैदेशिक रोजगारमा जान पाउनेछ ।

७. कुनै व्यक्ति वा निकायलाई वैदेशिक रोजगारको कार्य सञ्चालन गर्न स्वीकृति दिने नदिने र दिएको स्वीकृतिलाई बदर गर्ने अधिकार श्री ५ को सरकारमा निहित रहनेछ ।

८. श्री ५ को सरकारबाट वैदेशिक रोजगार कार्य सञ्चालन गर्न स्वीकृति प्राप्त व्यक्ति वा निकायले यस्तो स्वीकृति प्राप्त भएपछि आफूले पाएको स्वीकृति अर्कोलाई हस्तान्तरण गर्न पाउनेछैन र आफूले पाएको स्वीकृतिको जिम्मेवार स्वयम् नै हुनेछ।

९. वैदेशिक रोजगार सञ्चालन गर्न स्वीकृति प्राप्त व्यक्ति वा निकायले श्री ५ को सरकारले बेलाबेलामा दिएका आदेश तथा निर्देशनहरूलाई पालन गर्नु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. नेपाली कामदारहरूलाई वैदेशिक रोजगारमा पठाउन स्वीकृति माग गर्ने व्यक्ति वा निकायले यस्तो स्वीकृति लिन कम्तीमा डेढ लाख रूपैयाँ श्री ५ को सरकारले तोकेको बैङ्कमा धरौटी वा बैङ्क जमानत राख्नु पर्नेछ । यस बमोजिम राखिएको धरौटी वा बैङ्क जमानत काम गर्न जाने कामदारको स्तर तथा संख्या हेरी अपर्याप्त देखिएमा आवश्यक रकम थप गर्न आदेश दिन सक्नेछ र सो बमोजिम रकम जम्मा नगरेमा स्वीकृति रद्द गर्न सकिनेछ ।

यसरी राखेको धरौटी रकम स्वीकृति प्राप्त व्यक्ति वा निकायले विदेशमा काम गर्न पठाइएको नेपाली कामदार कुनै कसूरविना अलपत्र वा बिपदमा परेमा निजलाई स्वदेश फिर्ता गर्न वा अन्य आवश्यक देखिएको सहुलियत प्रदान गर्न श्री ५ को सरकारले उपयोग गर्न सक्नेछ । यसरी खर्च गर्नुभन्दा अगाडि सम्बन्धित व्यक्ति निकायलाई लिखित जानकारी दिइनेछ ।

११. वैदेशिक रोजगार कार्य सञ्चालन गर्ने स्वीकृति दिंदा देहायका कुराहरूको समेत दृष्टिगत गरी स्वीकृति दिइनेछ:

(क) काम गर्ने इच्छुक व्यक्ति वा निकायको कार्यक्षमता,

(ख) सो काम गर्ने व्यक्ति नेपाली नागरिक हुनु पर्नेछ,

(ग) करारसम्बन्धी प्रचलित नेपाल कानून बमोजिम करार गर्न सक्षम व्यक्ति हुनु पर्नेछ,

(घ) साहुको दामासाहीमा नपरेका व्यक्ति हुनु पर्नेछ,

(ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको व्यक्ति हुनु पर्नेछ,

(च) विश्वसनियता र चारित्रिक पक्ष राम्रो हुनु पर्नेछ, र

(छ) भौतिक सुविधा राम्रो भएको हुनु पर्नेछ ।

१२. वैदेशिक रोजगार कार्य सञ्चालनको लागि नेपाली कामदारहरूको माग भई आएमा रोजगारीको स्थिति, श्रमबजार सम्बन्धी सूचना, नेपाली कामदार-हरूलाई काममा लगाउन माग गरी पठाउने विदेशस्थित व्यक्ति वा निकायको हैसियत, नियत र विश्वासबारे शाही नेपाली राजदूतावास वा सो मुलुक हेर्ने श्री५को सरकारको प्रतिनिधि संस्थाबाट आवश्यक अध्ययन गराई सोको प्रतिवेदन यस मन्त्रालयमा प्राप्त भएपछि सो प्रतिवेदनको आधारमा श्री ५ को सरकारले स्वीकृति दिएपछि मात्र स्वीकृति प्राप्त वैदेशिक रोजगार सञ्चालन गर्ने व्यक्ति वा निकायले नेपाली कामदार आपूर्ति गर्न सेवा सम्झौता गर्न सक्नेछ ।

१३. रोजगारको लागि विदेशस्थित व्यक्ति वा निकायको माग बमोजिम नेपाली कामदार पठाउँदा यस्तो कार्य गर्न स्वीकृति प्राप्त व्यक्ति वा निकायले काम

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्न जाने इच्छुक र सक्षम व्यक्ति सबैलाई समान मौका दिन तोकिएबमोजिमको ढाँचामा सार्वजनिक रूपमा विज्ञापन प्रकाशित गर्नु पर्नेछ ।

१४. विज्ञापन अनुसारको वैदेशिक रोजगार गर्न इच्छुक र सक्षम नेपालीले यस मन्त्रालयले तोकेको ढाँचामा आफ्नो नाम, थर, ठेगाना एवं अन्य वैयक्तिक विवरण स्पष्ट हुने गरी दरखास्त फर्म भर्नु पर्दछ । यस्तो फर्मको दस्तूर रू. ५।– लाग्नेछ ।

१५. कामदार पठाउने स्वीकृति प्राप्त व्यक्ति वा निकायले छनौट कार्यलाई निस्पक्ष र सरल गर्न यस मन्त्रालयको प्रतिनिधि पनि रहने गरी छनौट समिति गठन गरी त्यस्ता व्यक्तिको सीप, कार्यक्षमता जाँच गरी सोको आधारमा छनौट गर्नु पर्नेछ । उपयुक्त अन्य कुनै प्राविधिज्ञलाई पनि यस मन्त्रालयले समितिमा समावेश गर्न सक्नेछ ।

१६. विदेशमा काम गर्न जाने नेपाली कामदार र यस्तो काम गर्न पठाउने वा लैजाने व्यक्ति वा निकायबीच तोकिएबमोजिमको विवरणको रोजगारीका शर्तनामा उल्लेख गरी करार हुनु पर्नेछ र श्री ५ को सरकारले यसमा बेलाबेलामा अन्य विवरण थपघट गर्न सक्नेछ ।

१७. वैदेशिक रोजगारको लागि भर्ति गरी विदेशमा पठाउन स्वीकृति प्राप्त व्यक्ति वा निकायले नेपाली कामदार पठाउनुअगाडि पठाइने कामदारहरूको नाम, ठेगाना हासिल गरेको शैक्षिक योग्यता, तालीम, सीप, अनुभवको विवरण सहित हालसाल खिचेको फोटो सहित भवितव्य पर्दा स्वदेशमा सूचना गर्नुपर्ने व्यक्तिको नाम, ठेगाना हकदार आदिको विवरण र कामदार काममा लगाइने वा निजको प्रतिनिधिस्वरूप काम गर्न भर्ति गरी पठाइने स्वीकृति प्राप्त नेपाल-स्थित भर्ति कार्य गर्ने व्यक्ति वा निकायबीच माथि क्रमसंख्या १६ अनुसार भएको करारको ३ प्रति सहित यस मन्त्रालयमा पेश गरी सिफारिश लिनु पर्दछ । पेश भएको विवरण तथा करारको प्रति अध्ययन तथा जाँचबुझ गर्दा रोजगारको प्रकृति र स्तर कामदारको स्वास्थ्यलाई हानिकारक वा जोखिमी र देशको मान मर्यादा र प्रतिष्ठामा आघात पुग्न जाने खालको एवं अमानवीय हुने देखिएमा विदेशमा काम गर्न पठाउन स्वीकृति दिइनेछैन । स्वीकृति भएमा तोकिएको अधिकारीले दर्ता गरी सो करारको एक प्रति सम्बन्धित मुलुकको श्रम मन्त्रालय वा श्रम विभाग र एक प्रति उक्त मुलुकस्थित शाही नेपाली राजदूतावास वा सो मुलुक हेर्ने श्री ५ को सरकारको प्रमाणित प्रतिनिधि संस्थाकहाँ दर्ता गराउनु पर्दछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८. श्री ५ को सरकारले तोकेको अधिकारीले कामदार तथा काममा लगाउने बीच भएको करार र पठाउने कामदारहरूको नाम दर्ता कार्य सम्पन्न भए-पछि त्यस्तो व्यक्ति वा निकायले आवेदन गरेपछि यस मन्त्रालयले राहदानी जारी गर्न परराष्ट्र मन्त्रालयलाई अनुरोध गर्नेछ।

१९. काम गर्न जाने मुलुकको सरकारबाट भिसाको स्वीकृतिका लागि परराष्ट्र मन्त्रालयले उपर्युक्त व्यवस्था मिलाउनेछ।

२०. वैदेशिक रोजगारको लागि नेपाली कामदारहरू विदेशमा काम गर्न पठाउने सम्बन्धमा गरेको सेवा तथा परामर्श बापत प्रति व्यक्तिसँग रू. ५००।– भन्दा बढी सेवा शुल्क लिन पाउनेछैन।

२१. वैदेशिक रोजगारको लागि कार्य गर्न स्वीकृति प्राप्त व्यक्ति वा निकायले विदेशमा पठाउने कामदार र काममा लगाउने व्यक्ति वा निकायबीच भएको करारमा लेखिएको कुराहरू व्याख्या गरी कामदारहरूलाई प्रष्ट पारी दिनु पर्दछ।

२२. वैदेशिक रोजगारको लागि अदक्ष, अर्धदक्ष तथा दक्ष जस्तै सिकर्मी, डकर्मी, प्लम्बर, नर्स, जनरल मेकानिक्स, नाउ, ड्राइभर, इलेक्ट्रिसियन, फोरम्यान, सिम्यान, चित्रकार, फिटर, वेल्डर, वेटर, बगैंचे, सेक्यूरिटी गार्ड, लेखापाल, स्टोरकिपर, कुक, बेकर, रिसेप्सनिष्ट, अफिस सेक्रेटरी जस्ता जनशक्ति मात्र पठाउन पाउनेछ।

२३. श्री ५ को सरकारले विदेशी मुलुकको श्रमबजार सम्बन्धी अध्ययन गरी अन्यथा आदेश दिएमा बाहेक मासिक १७० यू. एस. डलरभन्दा कम आय हुने पद वा काममा नेपाली श्रमिकलाई पठाउन पाइनेछैन।

२४. सम्बन्धित मुलुकमा रहने राजदूतावासले प्रत्येक नेपाली कामदार त्यस मुलुकमा रहँदा उनीहरूको हित संरक्षण गर्नको लागि कामदारको तलबको २½ प्रतिशत रकम सम्बन्धित व्यवस्थापकबाट उठाउन पाउनेछ र यसरी उठाएको रकम सञ्चित कोषमा दाखिला गर्नु पर्दछ। कामदारहरूको हित संरक्षण कार्य गर्नको लागि आवश्यक रकम सम्बन्धित दूतावासले काममा लगाउने व्यक्ति वा निकायसँग माग गर्न सक्नेछ।

२५. वैदेशिक रोजगार कार्य सञ्चालन गर्न स्वीकृति प्राप्त व्यक्ति वा निकायले कामदार पठाए बापत पाउने सेवा शुल्क रकमको कम्तीमा १० प्रतिशत बराबरको रकम छुटयाई काम गर्न जाने कामदारहरूको हित रक्षा गरी उनीहरूलाई शोषण हुन नदिन देहायबमोजिमको कामका लागि सम्बन्धित देशको शाही

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नेपाली राजदूतावास वा सो मुलुक हेर्ने श्री ५ को सरकारको प्रतिनिधि संस्था वा श्री ५ को सरकारबाट नियुक्त व्यक्तिद्वारा खर्च गर्न दिनु पर्नेछः

(क) नेपाली कामदार र काममा लगाउने व्यवस्थापकबीच उत्पन्न भएको विवाद समाधान गर्ने कार्यमा लाग्ने मध्यस्थता, मेलमिलाप वा अदालती खर्च,

(ख) काम गर्न जाने नेपाली कामदारहरूबीच उत्पन्न हुने विवाद वा अन्य समस्या समाधान गर्ने कार्यमा लाग्ने खर्च,

(ग) कुनै नेपाली कामदार विशेष परिस्थिति परी विचलित भई करारबमोजिम काममा लगाउने व्यक्ति निकायबाट खर्च नव्यहोर्ने भई स्वयम्को खर्चमा नेपाल फर्किनु पर्ने विशेष स्थिति उत्पन्न भएमा वा यस्तै किसिमको अन्य परिस्थिति परी स्वदेश ल्याउनु पर्ने भएमा लाग्ने खर्च,

(घ) करारको शर्तमा उल्लेख नभएको कुरामा काममा लगाउने विदेशस्थित व्यक्ति वा निकाय र स्वीकृति प्राप्त वैदेशिक रोजगार कार्य सञ्चालन गर्ने व्यक्ति वा निकायबीच उत्पन्न भएको विवाद समाधान गर्न कामदार-हरूको हित प्रतिरक्षा कार्यमा मध्यस्थता, मेलमिलाप, अदालती खर्च र भ्रमण खर्च सम्बन्धमा श्री ५ को सरकारले आवश्यकता र परिस्थिति हेरी दिएको आदेशबमोजिमको लाग्ने खर्च।

२६. विदेशमा रोजगार गर्न पठाइने प्रत्येक कामदारलाई काम गर्न जाने मुलुकको भौगोलिक स्थिति, रहन-सहन, सँस्कृति, श्रम कानून र मुलुकको आर्थिक, राजनैतिक तथा सामाजिक व्यवस्थाबारे कम्तीमा सात दिनसम्म ज्ञान नदिई वैदेशिक रोजगार सञ्चालन गर्न स्वीकृति प्राप्त व्यक्ति वा निकायले पठाउन हुँदैन।

२७. विदेशस्थित शाही नेपाली राजदूतावास वा सो मुलुकका लागि प्रमाणित श्री ५ को सरकारको प्रतिनिधि संस्थाले पठाइने श्रमिकहरूको हित रक्षा गर्न आवश्यक परामर्श तथा सेवा उपलब्ध गराउनु पर्नेछ।

(क) आफ्नो इलाकास्थित नेपाली कामदारहरूलाई उनीहरूको रोजगारको बारे र नेपाली कामदार तथा काममा लगाउने व्यवस्थापकबीच रोज-गारको शर्तनामा वा अन्य विवाद समाधान गर्न परामर्श र आवश्यक भएमा विवाद समाधान गर्न मेलमिलाप गराउने।

(ख) नेपाली कामदारहरूलाई काममा लगाउने व्यवस्थापकबाट शोषण तथा अमा-नवीय व्यवहार हुनबाट बचाउन सक्दो प्रयत्न तथा संरक्षण सम्बन्धी कार्य गर्ने।

(ग) आफ्नो इलाकास्थित रोजगार बजार सम्बन्धी सूचना तथा नेपाली काम-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

228

दारहरूले न्यायोचित वेतन पाउन सकुन् भन्ने उद्देश्यले आवश्यक विवरण तथा सूचना परराष्ट्र मन्त्रालय मार्फत यस मन्त्रालयमा पठाउने ।

(घ) आफ्नो इलाकास्थित रोजगार बजारको स्थिति र नेपाली कामदारहरूलाई दिलाउन सकिने सुख सुविधाबारे अनुसन्धान गरी आवश्यक सुझाव यस मन्त्रालयमा पठाउने ।

२८. मगज बिग्रेको वा १६ वर्ष ननाघेको वा निरोगिताको प्रमाणपत्र नभएको वा गैरनेपाली नागरिकलाई विदेशमा पठाउन पाइनेछैन र महिलाको हकमा पति वा बाबु वा पञ्चायतद्वारा प्रमाणित संरक्षकको मञ्जूरी बेगर पठाउन पाउनेछैन ।

२९. देहायबमोजिमको कार्य गर्न पाइनेछैन:

(क) प्रत्यक्ष वा अप्रत्यक्ष रूपले श्री ५ को सरकारको स्वीकृति बमोजिम लिन पाउने सेवा शुल्क वा सिफारिश दस्तूरभन्दा बढी रकम लिन वा कामदारले पाएको पेश्की वा ऋणभन्दा बढी तिर्न लगाउन,

(ख) वैदेशिक रोजगारको लागि झूठो कुरा वा विवरण पेश गर्न,

(ग) कामदारलाई शोषण हुन नदिने मनसायले बाहेक निजलाई अलपत्र पार्न वा शोषण गर्ने उद्देश्यले रोजगारीको करारको अवधि भुक्तान नहुँदै अर्को काममा लगाउन वा सो गर्न दुरुत्साहन गर्न,

(घ) वैदेशिक रोजगारीको निमित्त आवेदन नगरेको कुनै कामदारलाई स्वेच्छा-बेगर पठाउन वा श्री ५ को सरकारबाट सिफारिश भै दर्ता भएका काम-दार बाहेक अन्य व्यक्तिलाई पठाउन,

(ङ) श्री ५ को सरकारले तोकिएको अधिकारीले प्रमाणित गरिसकेको वैदेशिक रोजगारको करार वा सम्झौतापत्रलाई तोकिएको अधिकारीको पूर्व सहमतिबिना बदलन वा हेरफेर गर्न,

(च) कामदारहरूको भ्रमण सम्बन्धी कागजातहरू उनीहरू सो काममा प्रस्थान गर्नुअघि आर्थिक लाभको लागि वा अन्य कुनै कारणले निजको भ्रमणको सिलसिलामा वा श्री ५ को सरकारको आदेश निर्देशन वा ऐन नियमको प्रयोजनको लागि बाहेक छिन्न वा खोस्न हुँदैन,

(छ) काम गर्न जाने कामदारहरूले विदेशमा राजनैतिक अभिप्रेरित हुने कार्य वा देशको प्रतिष्ठानमा आघात पुऱ्याउने आचारहीन काम कारवाहीमा लाग्न यस्ता निषेध गरिएका कार्य गरेको प्रमाणित भएमा श्री ५ को सरकारले यस्ता व्यक्ति वा निकाय वैदेशिक रोजगार कार्य गर्न स्वीकृति प्राप्तवाला भएमा स्वीकृति रद्द तथा बैङ्क जमानत जफत र कामदार भएमा निजको राहदानी जफत तथा करारको अवधि भुक्तान नभए-पनि स्वदेश फर्काई प्रचलित नेपाल कानून बमोजिम कारवाही गर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३०. कुनै मान्यता प्राप्त विदेशस्थित श्रमिक पठाउने व्यक्ति वा निकायले करारको शर्तमा रहने गरी नेपाली श्रमिकहरूलाई काम खोज्ने अधिकार-पत्र माग गरेमा कामदार पठाउन स्वीकृति प्राप्त व्यक्ति वा निकायले यस मन्त्रालयको स्वीकृति लिई त्यस्तो अख्तियार सुम्पन सक्नेछ ।

३१. वैदेशिक रोजगारको निमित्त विदेश जाने नेपाली कामदारहरूले धर्म परिवर्तन गर्न हुँदैन । आफ्नो धर्म सँस्कृति तथा परम्परा अनुसार राष्ट्रिय चाडपर्वहरू मनाउन विदेशस्थित काममा लगाउने व्यवस्थापकले दिनुपर्ने शर्तनामामा र रोजगारीको शर्तनामामा उल्लेख हुनुपर्दछ ।

३२. यस सूचनामा उल्लेख नभएको कुनै समस्या वा कुरा उत्पन्न भएमा सो समाधान गर्न वैदेशिक रोजगार कार्य सञ्चालन गर्न स्वीकृति प्राप्त व्यक्ति वा निकायले यस मन्त्रालयसँग सम्पर्क राखी आवश्यक कारवाही गर्नु पर्नेछ ।

आज्ञाले,
माधवलाल तवदार
श्री ५ को सरकारको सचिव

---

## भूलसुधार

नेपाल राजपत्र भाग ३ खण्ड ३३ मिति २०४०।५।६ को अतिरिक्ताङ्क २० (क) मा प्रकाशित अख्तियार दुरूपयोग निवारण आयोगका आयुक्तहरूको पदावधि, पारिश्रमिक र सेवाको अन्य शर्त तथा सुविधा सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०४० सम्बन्धी सूचनाको शिर र पुच्छारमा रहेको बेहोराको सट्टा निम्न बमोजिमको बेहोरा राखी भूलसुधार गरिएको छः–

(१) शिरमा–

श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
राजदरबारको
सूचना

(२) पुच्छारमा–

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

सूचना विभाग

---

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३२६